# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२/०५/२८

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ लोकतन्त्र, संविधानवाद, विधिको शासन, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षणको लागि निरन्तर वकालत गर्दै आएको नागरिक अगुवा संस्था भएको विदितै छ । २००७ सालदेखि राजनीतिक मुद्दाको रूपमा रहेको जनताबाट निर्वाचित संविधान सभामार्फत संविधान लेखिनु पर्दछ भन्ने चाहना २०६२/६३ सालको जनआन्दोलनपछि साकार हुन पुगेको थियो । यसबिचमा पछिल्लो पटक जेन्जी आन्दोलनपछि मुलुकमा नँया राजनीतिक परिस्थिति निर्माण हुन पुग्यो । जेन्जी पुस्ताले उठाएको भ्रष्टाचार र बेथिति विरूद्दको माग संविधानको दायराभित्रबाटै पूरा गरि उन्नत लोकतान्त्रिक अभ्यासमा अगाडि बढने अवसर मुलुकले प्राप्त गरेको थियो ।

तर हिजो राष्ट्रपतिबाट संविधानको प्रावधान विपरीत प्रधानमन्त्री नियुक्त गरियो, प्रधानमन्त्रीले मध्यरातमा गरेको प्रतिनिधि सभा विघटन सिफारिस सदर गरियो । यसबाट जनमतको अपमान भएको छ । यो अलोकतान्त्रिक र असंवैधानिक कदमको महासंघ घोर निन्दा र भर्त्सना गर्दछ ।
महासंघ संविधान विपरीत प्रधानमन्त्रीको नियुक्ति र सर्वोच्च अदालतबाट यसअघि प्रतिपादित नजिर र सिद्धान्त विपरीत भएको प्रतिनिधि सभा विघटन संवैधानिक र नागरिक सर्वोच्चता विपरीत रहेको ठहर गर्दै यो कदम लोकतन्त्रका लागि अनिष्टको संकेत हो भन्ने ठान्दछ ।

यो कदमले मुलुकको लोकतान्त्रिक प्रणाली, संवैधानिक सर्वोच्चता, नागरिकका अधिकार, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लगायत संविधानले व्यवस्थित गरेका गणतन्त्र, संघीयता, समावेशिता जस्ता उपलब्धिमा आघात पुग्ने देखिन्छ । तसर्थ महासंघ वर्तमान संविधान र यसबाट प्राप्त उपलब्धिको रक्षार्थ दृढतापूर्वक अगाडि बढन सबै पक्षलाई आह्वान गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org